**INTELLECTUAL INCEPTION: A Multidisciplinary Research Journal of Bhojpur Campus**
(Peer Reviewed)
ISSN: 2990-7934, Volume 2, Issue 1, June 2024, pp 122-135
Published by Research Management Cell (RMC), Bhojpur Multiple Campus, Bhojpur
E-mail: rmcbhojpur@gmail.com

# चिताको ज्वाला कथामा रस

बेनुबहादुर कार्की
त्रिभुवन विश्वविद्यालय, नेपाली तथा नेपाली शिक्षा विभाग
भोजपुर बहुमुखी क्याम्पस, भोजपुर

***Article History:*** Submitted 9 April 2024; Reviewed 11 May 2024; Revised 9 June 2024
***Corresponding Author:*** Benu Bahadur Karki, Email: karkibenu16@gmail.com
***DOI:*****..............................................................**

## लेखसार

*प्रस्तुत अनुसन्धानात्मक लेखमा कथाकार गुरुप्रसाद मैनालीको चिताको ज्वाला कथामा प्रयोग गरिएको रससिद्धान्तका कोणबाट विश्लेषण र मूल्याङ्कन भएको छ । यो लेख गुणात्मक अनुसन्धानमा आधारितपाठमा रहेका उद्धरणको विश्लेषणका आधारमा तयार भएको छ । यस लेखको सैद्धान्तिक आधार रस सिद्धान्त हो । यस कथामा अङ्गी रसका रुपमा शोक स्थायी भावको प्रकटीकरण हुने करुण रसको उपस्थिति छ भने यसलाई परिपाकावस्थामा पुऱ्याउनका लागि अन्य रसको प्रयोग भएको छ । यस कथामा अङ्ग रसका रुपमा श्रृङ्गार रस प्रयोग भएको छ भने अन्य रसमा भयानक रस, वीभत्सरस शान्त रस, र अद्‌भूत रसको प्रयोग भएको छ । यस लेखमा अङ्गी रसका रुपमा करुण रसको विश्लेषणका साथै यसमा आएका अन्य रसका विषयमा विमर्श भएको छ।*

*शब्दकुञ्जी:* विभाव, अनुभाव, सञ्चारीभाव, करुण, श्रृङ्गार, रसाभिव्यक्ति ।

## विषय परिचय

प्रस्तुत लेख कथाकार गुरुप्रसाद मैनालीले (वि.सं. १९५७-२०२८) रचना गरेको *चिताको ज्वाला* कथामा प्रयोग भएको रसविधान मूल समस्यामा केन्द्रित रहेको छ । मैनालीको वि. सं. २०२० सालमा *नासो* कथा प्रकाशन भई यसमा बीसवटा कथाहरु संलग्न भएका छन् । गुरुप्रसाद मैनालीका *नासो* कथासङ्ग्रहमा जम्मा एघारवटा कथाहरुको सङ्ग्रह रहेको यो महत्वपूर्ण र मैनालीको यो आधुनिक कथा हो । यसरी मैनालीले सङ्ख्यात्मक रुपमा थोरै कथाहरु लेखेका भए पनि गुणात्मक रुपले असल सन्देश दिने कथाहरु रचेका छन् । उनका कथाहरु समाजमा जेजस्तो परिस्थिति छ त्यस्तै रुपमा चित्रण गरेको पाइएकाले मैनालीका कथा सामाजिक यथार्थवादसँग

निकट रहेका छन् । मैनालीको यस कथामा सामाजिक विषयवस्तुमा आधारित नेपाली नारी जातिको विवशता र उनीहरुले भोग्नु परेको असह्य जीवनको यथार्थ चित्र प्रस्तुत गरिएको छ । बालककालदेखि सँगसँगै खेल्दै माया प्रेममा संलग्न रहेका दुई युवा युवतीको नचाहेको व्यक्तिसँग बिवाह भएर क्रमशः देखा परेको दुःखद अवस्थालाई प्रस्तुत गर्ने विषय यस कथामा व्यक्त भएको छ । यस कथाले नेपालको एक्काशौँ शताब्दीको शासन व्यवस्था अत्यन्त क्रुर थियो भन्ने विषय व्यक्त गरिएको छ । युवा युवतीहरुबीचको अहिलेको अवस्थामा बिविध कारणले देखा परेको निराशालाई कथाले प्रष्ट बनाइको छ । नेपालबाट युवाहरु अध्ययनका लागि बनारस जानुपर्ने बाध्यकारी अवस्थाको चित्रण यस कथाका पात्र मार्फत् प्रस्तुत गरिएको छ । कुल घर घरानाको दम्भ र आफूलाई इच्छा नहुँदा नहुँदै छोरीलाई जबरजस्ती वरको घरमा पठाउँने बाध्यकारी नेपाली चेलीहरुको अवस्थालाई यसमा समावेश गरिएको छ । यस कथामा युवा अवस्थाको प्रेम अनि बिछोडलाई यथार्थ तवरले व्याख्या गरिएको छ । सदाका लागि बाँचिरहने दुई युवा युवतिको अनुपम प्रेम क्षणभरमै चितामा जल्न पुगेको संवादात्मक अभिव्यक्तिका साथमा प्रस्तुत गरिएकाले यो सबैमा सम्प्रेष्य विषयवस्तुको यथार्थ झल्को दिने कथा बनेको छ । कथ्य विषयवस्तुलाई स्वतस्फूर्त ढाँचामा संयोजन गर्ने सन्दर्भमा यस कथामा रसको प्रयोग सहजात रुपमा आएको छ । यस कथालाई विभिन्न कोणबाट अध्ययन र विश्लेषण गर्न सकिने आधार भए तापनि रसविधानलाई केन्द्रीकृत गरेर यसको अध्ययन र विश्लेषण अहिलेसम्म नभएकाले उक्त रिक्ततालाई पूरा गर्नका लागि यस कथामा के कस्ता ? रसहरुको प्रयोग भएका छन् तिनको शूक्ष्म ढंगले केलाउने प्रयत्न गरिएको छ । यस कथामा रस प्रयोगको अवस्था कस्तो छ ? सो को निरुपण गर्ने मुख्य उद्देश्य रहेको छ । पूर्वीय काव्य चिन्तन परम्परामा रसको प्रयोग काव्यमा मात्र सीमित रहेकाले कथामा पनि रसको प्रयोग कसरी गर्न सकिन्छ भन्ने मान्यतालाई यस लेखमा प्रयोग गरिएको छ । पूर्वीय साहित्य मान्यतामा रससम्बन्धी सूत्रहरुलाई प्रयोग गर्दै सैद्धान्तिक आधार प्रस्तुत गरी *चिताको ज्वाला* कथाको विश्लेषण र निरुपण गरिएको छ । यस कथामा रसका सम्बन्धमा हुन नसकेको अध्ययनको रिक्तताको परिपूर्तिका लागि साथै आख्यान विषयसँग संबद्ध अध्येताका लागि प्राज्ञिक लेखका रुपमा यसको औचित्य रहने अपेक्षा गरिएको छ ।

**समस्याकथन**

गुरुप्रसाद मैनाली आधुनिक नेपाली साहित्यको स्थापित नाम हो । आधुनिक नेपाली साहित्यको प्रबर्द्धनमा विशेष योगदान पुऱ्याएका मैनालीले आख्यान विधा अन्तर्गत उनको विशेष योगदान रहेको छ । मैनालीले नेपाली आख्यान विधा अन्तर्गत कथा क्षेत्रमा रहेको रिक्ततालाई परिपूति गरी नेपाली साहित्यको समृद्धिमा समेत टेवा पुऱ्याउने काम गरेका छन् । कथा विधामा सङ्ख्यात्मक दृष्टिले कम तर गुणात्मक दृष्टिले महत्वपूर्ण रहेका मैनालीका कथाहरु अध्ययन अनुसन्धान गर्नका लागि पाठकको चयनको विषयवस्तु बनेका छन् । *चिताको ज्वाला* कथा कृतिको विधा सिद्धान्त केन्द्रित अध्ययन भए तापनि साहित्यकेन्द्रित अध्ययनका लागि यस कथा

कृतिको विश्लेषणमा रिक्तता आएको छ । यस कथामा रस मुख्य समस्याका रुपमा चयन भएको यस लेखमा उपर्युक्त समस्या समाधानका लागि निम्न शोध्य समस्यालाई आधार बनाइएको छ :

क) चिताको ज्वाला कथामा रसप्राप्तिको अवस्था के कस्तो रहेको छ ?

ख) कथामा अङ्गी रसका रुपमा करुण रस कसरी प्रयोग भएको छ ?

ग) कथामा अङ्ग रसका रुपमा श्रृङ्गार रस कसरी प्रयोग भएको छ ?

उक्त शोध्य समस्यालाई शोध प्रश्नका आधारमा प्राज्ञिक समाधान खोज्नु यस लेखको उद्देश्य हो भने यस कथामा के कस्ता रसहरु प्रयोग भएका छन् ? भनी केन्द्रित रहनु यसको सीमाङ्कन हो ।

## अध्ययन विधि

प्रस्तुत लेखका लागि प्राथमिक र द्वितीयक स्रोतका सामग्रीको प्रयोग गरिएको छ । प्राथमिक स्रोत सामग्रीको रुपमा कथाकार गुरुप्रसाद मैनालीको *चिताको ज्वाला* कथालाई लिएको छ । द्वितीयक स्रोत सामग्रीको रुपमा सैद्धान्तिक पुस्तकहरु, पत्रपत्रिका अनुसन्धानमूलक लेख रहेका छन् । यस अनुसन्धानका लागि कथामा प्रस्तुत गरिएका महत्त्वपूर्ण पङ्क्तिहरुलाई सामग्रीको रुपमा लिएर विवेचना गरी पाठ विश्लेषणमा केन्द्रित गुणात्मक अनुसन्धान पद्धतिमा आधारित रहेको छ । प्रस्तुत अध्ययनलाई पूर्णता दिनका लागि संस्कृत काव्यविधा अन्तर्गतको रस सिद्धान्तलाई लिइको छ । सामग्री विश्लेषणको आधार व्याख्यात्मक र विश्लेषणात्मक विधि प्रयोग गरिएको छ । यो पाठ विश्लेषणमा केन्द्रित अनुसन्धान हो ।

## सैद्धान्तिक पर्याधार

संस्कृत काव्यचिन्तन परम्परामा साहित्यको परिभाषा गर्ने र आधारभूत अभिलक्षण निर्धारण गर्ने सन्दर्भमा भरतमुनिको पहिलो योगदान रहेको छ । काव्यसिद्धान्तलाई मुख्यतः चिनाउने रससम्बन्धि ग्रन्थनै भरतको नाट्यसिद्धान्त हो । यही ग्रन्थमा नै रसको व्यापक चर्चा भएको छ । भरतले अघि सारेको रससिद्धान्तको मान्यतालाई उत्तरवर्ती विद्धावानहरुले समेत प्राथमिकता  दिएका छन् । रस सिद्धान्तले काव्यको कलात्मक पक्षलाई मात्र नभएर शील्प, ज्ञान र दर्शन पक्षलाई समेत समेटेर अध्ययन विश्लेषण गरिएको पाइएकाले यसको औचित्य रहेको पाइन्छ । रसको पाश्चात्य साहित्यमा प्लेटो अरिष्टोटलबाट चर्चा भएको पाइन्छ । यसै गरी पूर्वीय साहित्यमा भरतमुनिबाट सर्वप्रथम रसको ब्याख्या गर्दै अन्य विद्धानहरुले चर्चा गरेका छन् । यसरी संस्कृत साहित्यमा रसको विभिन्न सन्दर्भमा प्रयोग गरिएको छ । भौतिक जगतमा षडरस, आयुर्वेदमा जलीय पदार्थ, वेदमा सोमरस, ब्रामणका लागि रस, स्वाद लागि रस, रामायणमा जीवनका लागि रस, महाभारतमा जल गन्ध, काम एबम् स्नेहका लागि रस भनी प्रयोग गरिएको पाइन्छ (ज्ञवाली, २०७९ पृ. १८७) । यसरी रसलाई नजिकबाट नियाल्दा दर्शनशास्त्रमा पदार्थको महत्त्वपूर्ण गुणको रुपमा रसलाई उल्लेख गरिएको पाइन्छ रस नै साहित्यमा सबै थोक हो भन्ने

सन्दर्भ यसमा रहेको छ । आयुर्वेदमा यसलाई औषधिहरूको अनिवार्य गुण मानिएको छ । यसैको पृष्ठभुमिमा प्रयोग भएको रस शब्दको सामान्य अर्थले पनि भनाईलाई निकै रसिलो र चखिलो बनाएको हुन्छ (अधिकारी, २०३५,पृ. १९) । पूर्वीय साहित्य सिद्धान्त परम्परा रस सम्प्रदाय एउटा महत्त्वपूर्ण सिद्धान्त हो । यस सिद्धान्त सम्बन्धी देखा परेको सम्पूर्ण व्याख्याको आधार नै भरतमुनीको रसशूत्र हो उनले रस अनुभूतिको महत्त्वपूर्ण विषय हो भनी व्याख्या गरेका छन् । पूर्वीय साहित्यमा रसवादीहरुले यसलाई अनिवार्य तत्वका रुपमा स्वीकार गरेकाले यसको महत्त्व सर्वोपरि रहेको देखिन्छ । विभावअनुभावव्यभिचारिसंयोगात रसनिष्पत्ति (अधिकारी उद्धृत भरतमुनी, २०३५, पृ. १९ ) । अर्थात् रस हुनका लागि विभाव, अनुभाव, व्यभिचारी भाव र सञ्चारी भाव चारवटा भावबाट रसको निष्पत्ति हुने विश्वास गरिएको छ । आलम्बन विभावबाट उद्दीप्त, उद्दीपन विभावबाट उद्दीपित अनुभावबाट व्यक्त अनि व्यभिचारी भावबाट परिपुष्ट पारिएको सहहृदयको स्थायी भाव नै रस हो (पोखरेल उद्धृत मम्मट, २०७७, पृ. २७) । सत्वगुणी अखण्ड, वेदान्तर, स्पर्शशून्य स्वप्रकाश, शानन्द, चिन्मय, ब्रहमानन्द सहोदर लोकोत्तर चमत्कार प्रदायक वस्तु रस हो (पोखरेल उद्धृत विश्वनाथ,२०७७, पृ. २८) । यसरी रसको आवश्यकता सर्वोपरि रहेकाले यसको औचित्य के कति रहेको हुन्छ भन्ने आधुनिक साहित्यिमा पनि रसलाई सार्भभौम र शाश्वत तत्व मानिन्छ । साहित्यमा कुनै न कुनै मानवीय मनोभावहरुको अभिव्यक्ति दिइएको हुन्छ जसको साधारणीकरण गरेर पाठकले रागात्मक अनुभूति प्रदान गर्ने गर्दछ । संस्कृत साहित्यमा काव्यको प्रत्येक विधाको मुख्य कसी रसलाई मानिएको छ । रस बिना साहित्यको उत्तम काव्य बन्न सक्दैन । कैयौँ आचार्यहरुको विचारमा रसमय वाक्य नै काव्य हो भन्ने निष्कर्ष रहेको छ (उपाध्याय, २०३०, पृ. १०८) । विभिन्न अर्थमा प्रयोग गरिने रस शब्द साहित्यमा चित्तवृत्ति विशेषको स्फुरण गर्ने तत्वका रुपमा विवेचित भएको छ । रससिद्धान्त विश्व साहित्यलाई संस्कृत साहित्यको अनुपम उपहार हो र यो अति प्राचीन आविष्कार हो । धेरै नभए पनि दुई साढे दुई हजार वर्षको त यसको आयु रहेको छ (उपाध्याय, २०५०, पृ. ८६) । यसर्थ रसको चर्चाको सुरुवात यही समयबाट भयो भन्ने समेत यकिन गर्न गाह्रो छ । भरतद्वारा स्वीकृत आठ रसहरुमा श्रृङ्गार एक प्रधान रस मानिन्छ । साहित्यमा उल्लेख गरिएका आठवटा रसहरु मध्ये पनि मूल रसका रुपमा चार रसहरुमा नै श्रृङ्गार रसको गणना भएकाले यी सबै रसहरुको पनि मूल रस श्रृङ्गार रस भएकाले यो पवित्र, शुद्ध दर्शनीय वस्तुसँग तुलना गरिन्छ (गडतौला, २०७०, पृ. ३०) । कुनै विषयमा रसको श्रृजना गरेको मानिसको हृदयमा उत्पन्न हुने रसको प्रयोगले मानिसलाई सुखी र आनन्द बनाउने गर्दछ (उपाध्याय उद्धृत, २०५५, पृ. ६७) । पूर्वीय साहित्यमा भरत, भामह, मम्मट, विश्वनाथ जगनाथ लगायतका आचार्यहरुले रसको व्यापक चर्चा गर्दै रसबिना काव्यको कुनै पनि अर्थ हुँदैन भन्ने निष्कर्ष निकालिएको छ भने पाश्चात्य साहित्यमा पनि प्राचीन विद्वावानहरुले रस अपरिहार्य छ भन्ने ठहर गर्दै रसलाई व्यापक तवरले व्याख्या गरिएको छ । कृष्ण गौतम (२०६७) ले परम्परित ज्ञानको निम्ति तय गर्ने क्रममा मानव चेतनाको

पुरातन ज्ञानशास्त्रीय संरचनाको विकाश गर्ने साधन भनी रसलाई उल्लेख गरेका छन् । यस लेखमा कथाको पाठ्य विषयवस्तुसँग सम्बन्धित भएर गुणात्मक अनुसन्धान पद्धतिलाई अबलम्बन गरी अध्ययन गर्ने प्रयत्न गरिएको छ । यस अध्ययनमा उपयुक्त सैद्धान्तिक पर्याधारका आधारमा गुरुप्रसाद मैनालीको *चिताको ज्वाला* कथामा रस कसरी प्रयोग भएको छ ? उक्त विषयको विवेचना गरिएको छ ।

**सामग्री विश्लेषण र नतिजा**

आधुनिक नेपाली आख्यान क्षेत्रका सामाजिक यथार्थवादी धाराका कथाकार गुरुप्रसाद मैनालीका कथाहरु अनुसन्धानमूलक भएकाले यिनका कथाहरु विश्लेषण गर्नु योग्य रहेका छन् । प्रस्तुत कथा नेपाली समाज र हाम्रो नेपाली समाजको आदर्श संस्कृति अध्यात्मवादी समाज निर्माण गर्ने मध्यम वर्गीय आर्थिक अवस्थाको परिवारमा कसरी बाल विवाह, अनमेल विवाह हुने गर्दछ र त्यसको नतिजा कस्तो हुने गर्दछ भन्ने विषय स्थापित गरेर प्रष्ट पार्ने प्रयत्न्न गएिको छ । समाजमा समान हैसियत भएकासँग सम्बन्ध कसरी जोडिएको छ र उनीहरु कसरी जिविकोपार्जन गरिरहेका छन् भन्ने प्रतिपाद्य विषय भएको यस कथामा प्रयोग भएको अङ्गी रसका रुपमा उत्पन करुण रस छ भने अन्य रसलाई परिपाकपूर्ण बनाउनका लागि अङ्ग रसका रुपमा श्रृङ्गार रसलाई प्रस्तुत गरिएको छ । अन्य सहायक रसका रुपमा भयानक, शान्त र अद्‌भूत रसको प्रयोग कथामा भएको छ । प्रस्तुत कथामा यस अध्ययन अन्तर्गत पर्ने करुण, श्रृङ्गार, शान्त, भयानक र अद्‌भूत रसको विभिन्न उदाहरणहरु तलका सन्दर्भमा प्रयोग भएको छ र तिनीहरुको विवेचना निम्नानुसार गरिएको छ ।

**चिताको ज्वाला कथामा भयानक रस**

शशी र सानुदाइका बीचमा बाल्यकालीन समय अवस्थामा संवाद हुँदाका बेला शशीलाई भयानक वस्तुहरु देखाएर सानुदाइले वात्सल्य भावले जिस्क्याएको सन्दर्भमा भयानक रसको उपयुक्त अभिलक्षण यस कथामा प्रयोग भएको छ । भययुक्त वस्तु देखेर वा त्यस किसिमको कुरा सुनेर उत्पन्न हुने रस नै भयानक रस हुन्छ । भयलाई परिपोषण गर्ने रस भयानक रस हो, यसमा समस्त इन्द्रियहरुमा विक्षोभ उत्पन्न हुन्छ । यसको विभावको रुपमा भयप्रद वस्तु, घटना, दृष्य रहन्छन् (गडतौला, २०७०, पृ. ५१) । यसको स्थायी भाव भय वा डर हो । आलम्बन विभावका रुपमा डरलाग्दो वस्तु वा विषय रहेको हुन्छ । उद्‌दीपन विभावका रुपमा त्यही डरलाग्दो वस्तुका हिंसात्मक चेस्टा डरलाग्दा कार्य आदि रहेका हुन्छन् । यसै गरी अनुभावका रुपमा रौ ठाडो हुनु पसिना आउँनु, स्वर बिग्रनु आदि हुन भने चिन्ता, ग्लानी, शङ्का, आवेग आदि सञ्चारी भाव हुन् । यो अभिलक्षण अन्तर्गत *चिताको ज्वाला* कथामा निम्न लिखित प्रतिपाद्य विषयका उद्धहरले यस रसको पुष्टि गरेको छ :

“शशी । बिहे गर्छ्यौ ?

अनुहार नपरेको मुख । शशीले चोसो पसारेर भृकुटी खुम्च्याएर आँखा
तर्दै भनिन् ।
भन्दिनौं पोक्ची ? ल्याऊँ गँगटो ?
सानुदाई बिन्ती छ, भन्छु । भन्छु ।
लौ भनन त । ”

(चिताको ज्वाला, २०५०, पृ. ४)

मानवका मानसिकता वा मानिसका चित्तवृत्तिमा रहने भय भावलाई उद्दीप्त तुल्याउने काव्य नै भयानक रस हो । माथिको साक्ष्यमा कथाको सुरुवाति चरणको अवस्थामा प्रयोग गरिएका पात्रहरु सानुदाई र शशीको बीचमा भएको संवादबाट थालनी भएको छ । शशीलाई बिहे गर्छौं ? भनेर जिस्काउँने सानुदाइको आश्चर्यपूर्ण प्रश्नमा वात्सल्यता समेत प्रकटभई भय सिर्जना भएको छ । यही प्रश्नको कारणले गर्दा शशी र सानुदाई यस कथामा प्रयोग भएका आलम्बन विभाव हुन भने शशीको विष्मयपूर्ण र त्रासदपूर्ण वर्णनले उद्दीपन विभाव प्रस्तुत भएको छ । संवादका सन्दर्भमा शशी छक्क पर्नु, भावविह्ल हुनु, डराउनु यसका अनुभाव हुन । शशीमा भएको उत्सुकता र त्रासदीय भाव र सानुदाइको भाव अभिव्यक्तिको कारणले व्यभिचारी भाव उत्पन्न भएको छ । माया स्थायी भावको प्रभावकारी संयोजन भएको यी पङ्क्तिहरुमा छोटा कथन र मर्मस्पर्शी विचारले दुबै पात्रमा प्रेम र सद्भावसँगै सामान्य रुपमा भयभाव सृजना भई भयानक रसको प्रयोग भएको छ ।

**चिताको ज्वाला कथामा बीभत्स रस**

घृणित वस्तुलाई देखेर वा सुनेर उत्पन्न हुने भावको अतिशयता नै बीभत्स रस हो । यो कुनै क्लेशदायक, अप्रिय र अनिष्ट पदार्थ देख्दा, सुन्दा र भन्दा यो रस उत्पन्न हुन्छ अतः यसको विभावको रुपमा कुनै पनि अरुचिकर वस्तु हुन सक्दछ (गडतौला, २०७०, पृ. ५२) । यसको आलम्बन विभाव घृणित वस्तु हुन्छ । वस्तुको घिनलाग्दो चेष्टा उद्दीपन विभाव हुन । आँखा चिम्लनु, थुक्नु अनुभाव हुन भने रोग, व्याधा, चेष्टा, चिन्ता, मुर्छा व्यभिचारी भाव हुन । यसको स्थायी भाव जुगुप्सा हो । प्रस्तुत *चिताको ज्वाला* कथामा निम्नलिखित अभिलक्षणका विषयहरु प्रतिपाध्य भएर आएका छन् । बीभत्स रसका दृष्टिले यस कथामा सघन लक्षणहरु उपस्थित रहेको पुष्टि निम्न उद्धहरणले गर्दछ :

आफ्नो बाध्यात्मक परिस्थितिलाई स्वीकार गरेकी शशीले अरु कुनै उपाय नभएपछि मौन रुपमा आफ्नी प्रेमी सानुदाइको प्रेमलाई सहर्ष स्वीकार गर्दे विदा भएको विषय प्रसङ्ग तलको उद्धरणमा उल्लेख गरिएको छ :

“शशीको मुखाकृति बिग्रेर आयो । ओठ टोकेर मपटि हेरिन । उनका आँखाबाट आँशुका ठूला ठूला थोपा झर्न लागे ।”

(चिताको ज्वाला,२०५०, पृ. ११)

शशीको बिहेपश्चात् सानुदाइसँग भेट भएको प्रसङ्गमा शशीले सानुदाइ तपाइ अब बिहे नगर्ने ? भनी शशीले सोधिन प्रतिउत्तरमा म अरु कोसँग बिहे गरू यसै बस्ने विचार गरेको छु भन्ने विषय सानुदाइले उल्लेख गर्दै यस घटनाको पात्र शशीको मुख बिग्रनु, ओठ टोम्नु आलम्बन विभाव हुन । आँशु झर्नु, सिँगान झर्नु उद्दीपन विभाव हो । दुबै पात्रले लामो लामो सास फेर्नु, कम्पित स्वर हुनु, अनुभाव हुन र ग्लानी, दुःख आदि यस घटनाका व्यभिचारी भाव हुन । यसमा उत्पन्न भएको घृणा चाहि स्थायी भाव हो भन्ने विचार यस कथनको पुष्टी भएकाले यसमा बीभत्स रस प्रतिपाद्य विषय बनेर यो सहायक रसका रुपमा उपस्थित भएको छ ।

## चिताको ज्वाला कथामा शान्त रस

प्रस्तुत उद्धरणमा सानुदाइले वनारसमा एम.ए. को परीक्षा सकेपछि आफ्नो भाबी दिनको कार्यक्रमको बारेमा विचार विमर्श गरेको घटना प्रस्तुत गरिएको छ । छात्रवासमा बसेको सानुदाइको हातमा एउटा अपरिचित मानिसले चिठी दिएर गएपछि उसका मनमा यी भावहरु प्रस्फुटन भएको प्रसङ्ग सानुदाइले यसरी प्रकट गरेका छन् :

“कहिले विश्व भ्रमण गरेर भ्रमणका विषयमा आफ्नू भाषामा एउटा ठूलो सचित्र ग्रन्थ लेखू भन्ने इच्छा हुन्थ्यो कहिले कुनै सार्वजनिक क्षेत्रमा प्रवेश गरेर यावत् जीवन दीन दुःखीको सेवा गरी बिताइदिऊँ भन्ने लाग्थ्यो ।

(चिताको ज्वाला, २०५०, पृ. १४)

सांसारिक विषयको क्षणभङ्गुरता, धनसम्पत्तिगत निस्सारता, सन्ततिगत मायाममता, एबम् सुखदुखादिबाट वाक्क भई आध्यात्मिक चिन्तनमननतिर उन्मुख हुने प्रवृत्तिलाई शान्त रस भनिन्छ (पोखरेल, २०७८, पृ. ५०) । भरतले नाट्यशास्त्रमा शान्त रसलाई स्वीकारेका छैनन् तर पछि सानो अंशको रुपमा यसलाई लिएको पाइन्छ । चिठीमा नेपालबाट तीर्थयात्रामा वनारस आएकी कुनै एउटी विधवा आइमाइको भावुक लाग्ने पत्र लेखिएको थियो । उक्त चिठी अरुको नभएर शशीको थियो परमेश्वरसँग मृत्युको याचना गरिएको पत्रमा म अभागिनी बाँच्नुभन्दा मर्नु बेस भन्ने लेखिएको हुँनाले यसमा शान्त रसको भाव उत्पन्न भएको छ । शरीर सानुदाइ यस रसको आलम्बन विभाव हुन भने साधु जस्तै बन्न खोज्नु, मन्दिर देवालय, तीर्थ स्थान समभावका उद्दीपन विभाव हुन । शशीको चिठीको अध्ययनबाट उत्पन्न भावको कारणले गर्दा आफ्नो प्रेमीको आँशु आउँनु, दुःखी मन हुनु अनुभाव हुन भने शशी र सानुदाइलाई समेत स्मृति, विरक्त, पश्चाताप र वैरभाव जाग्नु व्यभिचारी भाव हुन । यसमा उत्पन्न भएको भावले समभाव व्यक्त गरेकाले शान्त रस स्थायी रुपमा बशीभूत भई प्रस्फुटन भएको छ ।

## चिताको ज्वाला कथामा अङ्गी रसका रुपमा करुण रस

यस कथामा शशी र सानोबाबु दुबै प्रेमिको अपत्यारिलो संयोगबाट अनन्त कालसँगै बाँच्ने बाचा गरेका र क्रमशः उनीहरुको जीवन वियोग बन्दै सारा शशीर नै स्मसान झैं बन्न पुगेको

दुखद् घटनाको कारणले यो सिङ्गो कथा करुण रसभावले भरिपूर्ण भएको विषय सन्दर्भ तपशील उद्धरणले पुष्टि गरेको छ :

आफ्नो प्यारो वस्तुको विनाश र अप्रिय वस्तुको कठिन प्राप्तिबाट करुण रस उत्पन्न हुन्छ । करुणको कहानी देख्दा या सुन्दा हाम्रा मनमा एक किसिमको दुःखको भाव उर्लिएर आउँछ । यही भाव करुण रसको स्थायी भाव हो यसलाई शोक भनिन्छ (अधिकारी, २०३५, पृ. ३३) । विश्वनाथले महाकाव्यमा तीनवटा रसहरू अङ्गीरसहरू हुनुपर्ने मान्यता राखेकाले श्रृङ्गार रसलाई स्थापित गर्न अङ्गी रसका रुपमा करुण रसलाई यस कथामा प्रयोग गरिएको छ । प्रियजन वा विनष्ट वस्तु यसको आलम्बन विभाव हुन्छ । प्रिय वस्तुको सम्झना यसको उद्दीपन विभाव हुन्छन् । पछारिनु, रुनु, कराउनु आदि यसका अनुभाव हुन्छन् मूर्छा, ग्लानी आदि यसका सञ्चारी भाव हुन् र शोक यसको स्थायी भाव हो । *चिताको ज्वाल* कथामा अङ्गी रसका रुपमा प्रस्तुत भएका निम्नलिखित उद्धहरणहरु यसमा व्याख्या गरिएको छ :

प्रस्तुत उद्धरणमा सानुदाइ र शशीको लामो अन्तरालपछि भेटघाट भएको अनि यी दुईबीचको  अमर प्रेमको निसानी समाप्त भएकोले शशीको जीवनलाई सानुदाइले घरको न घाटको बनाएको भाव व्यक्त गर्दै शशीको बिवाह नपत्याउने आर्थिक अवस्था कमजोर भएको सामान्य व्यक्तिसँग हुन पुगेको अवस्थामा उक्त उद्धहरण तलको प्रसङ्गमा आएको छ :
“शशीले रुन्चे मुख लगाएर गहभरि आँसु पारेर कल्पित स्वर भनिन् कुन्नि कसले पो ढाट्यो । सानुदाइ तपाइँले मेरो जीवन डुबाइदिनुभो ।”

(चिताको  ज्वाला, २०५०, पृ. ११)

शशीले आफूले विहे गरेपश्चात् सानुदाइ तपाइँ बिहे नगर्ने ? भन्ने प्रतिउत्तरमा शशीले दुःखी हुँदै गहभरि आँशु बनाउँदै ब्यक्त भएको शोक स्थायी भाव कथाको उद्धरणमा प्रकट भएको छ । शशीको जीवनलाई नबुझी विनष्ट पारिदिने सानुदाइ यस उद्धरणको आलम्बन विभाव हुन् । सानुदाइको सम्झनामा शशीलाई रातदिन पीडा हुनु, छटपटी हुनु, अमनचयन नहुनु, उद्दीपन विभाव हुन् । शशीले केही कुरा व्यक्त गर्न नसकेर रुनु, कराउनु, आँशु झार्नु, काम्नु, यस कथाको प्रसङ्को अनुभाव हुन् । शशीको वीवन लामो समयसम्म टिक्न नसक्ने, मरु झैँ लाग्ने, एकपटक सानुदाइलाई हेरी स्वर्ग जान खोज्ने विचारले स्मृति, चिन्ता, उन्माद, दुःखद भाव व्यक्त गरेकाले यसका व्यभिचारी भावहरु सञ्चरित भएका छन् । यसरी यस कथामा करुण रसलाई मुख्य अङ्गी रसका रुपमा प्रकट गरिएको छ ।

प्रस्तुत दोस्रो कथाशंको रचनासन्दर्भको अवस्था नेपाली समाजमा शिक्षाको चेतनाको विकास भइनसकेको क्रमशः गाउँमा यी विषयहरु प्रवेश हुँदै गएको समय सन्दर्भमा यो विषय सम्बन्धित छ । बिरामी भएर मृत्युशैयामा अन्तिम अवस्थामा पुगेकी शशीको कम्पित स्वर र उक्त स्वरबाट निस्किएका शेष अंशहरु व्यक्त गर्ने प्रसङ्ग यसमा प्रकट भएको छ :

शशीका आँखाबाट अबिरल आँसुका धारा बग्न लागे । एकछिनपछि शशीले हात जोडेर कम्पित स्वरले भनिन् सानुदाइ बालककालदेखि आजसम्म मैले तपाईँसँग केही कुरा भनेकी छैन्, उस जीवनको शेष दिनमा एउटा कुरा भन्छु ।

(चिताको ज्वाला, २०५०, पृ. १६)

प्रस्तुत उद्धरणमा सानुदाइले आफ्नी प्रेमिकाको शेष अवस्थालाई देखेर अत्यन्त दुःखी बन्नु आलम्बन विभाव हुन् ।शशीले बाल्यकालदेखि नै सानुदाइलाई मायाप्रेम सद्भाव राख्दै आएकाले शशीको मरणकालमा मुख दर्शन पाउनु, बिगतका घटना स्मरण गर्नु उद्‌दीपन विभाव हुन । दुबै पात्रले विलाप गर्नु, कम्पित स्वर हुनु, शरीर काम्नु अनुभाव हुन भने बर्बर आँशु झार्नु, कण्ठ रोकिनु, चिन्ता पर्नु, मुर्छा पर्नु आदि यस कथाका अंशका सञ्चारी भाव हुन् । शोक स्थायी भावका रुपमा प्रकट भएको यी पङ्क्तिहरुमा अङ्गी रसका रुपमा करुण रस सफल रुपमा प्रयोग भएको छ ।

कथाको तेस्रो उद्धरणमा शशीको आकस्मिक देहवसानपछि एक आपसमा वियोगिएको सारा शरीर चितामा जलन हुन पुगेको साथै बिगतका सम्पूर्ण घटनाहरू ज्वालमा बलिरहेको स्मरण यसको विषय सन्दर्भमा यसरी व्यक्त भएको छ :

“उनको निर्जीव देहलाई बोकेर श्मसानमा लैजान्छन् । अनि एकछिनपछि उनको त्यो अनन्त रुपराशि चिताको ज्वालामा जलेर खरानी हुन्छ । शशी मेरो बाल्यसखे, मेरो चिर स्मृति, मेरो प्रेम प्रतिमा, तिम्रो मृत्युको ह्रदयविदारक दृश्य मैले कसरी हेर्ने ?”

(चिताको ज्वाला, २०५०, पृ. १९)

माथिको उद्धरणमा *चिताको ज्वाला* कथाको अन्तिम विचारमा करुण रसको भाव व्यक्त गरिएको छ । शशी बिरामी भएर मृत्यु शैयामा भएको अवस्थामा डाक्टरले परीक्षण गरिरहेकी शशीलाई शशी सिरियस भएकी मुटुको गति बन्द भएको दुःखद घटनाले यस कथामा करुण रस प्रतिपादित विषय बनेर उद्घाटित भएको छ । सानुदाइले अत्याधिक माया गरेकी शशीको बिहे पश्चात्को अवस्था देख्दा सिङ्गो घटना नै करुण रसभावले ओतप्रोत बनेको छ । यस उद्धरणको स्थायी भाव शोक हो भने शशीको मृत्यु भई आफ्नी प्रियजनको सम्झना गर्नु, प्रियजनको लास देख्नु, लास जलेको देख्नु आलम्बन विभाव हुन । आफ्नी प्रीया शशीको हरेक गतिविधिको सम्झना गर्नु र उनका बस्त्र लगायत अन्य वस्तुको स्मरण गर्नु उद्‌दीपन विभाव हुन । सानुदाइले दुःखी मन गर्नु, रोदन र विलाप गर्नु अनुभाव हो । त्यसै गरी यस कथाशंका घटनाका मूल पात्रले आँशु झार्नु, मुर्छा पर्नु र विलाप गर्नु, काम्नु व्यभिचारी भाव हुन । यसरी यो कथा दुःखान्त परिणतिमा स्थापित भई करुण रस अङ्गी रसका रुपमा प्रस्तुत भएको छ ।

संमाजमा नारी जातिलाई सामान्य अवस्थामा हेर्ने प्रवृत्ति र पुरुषले जे पायो त्यही रुपमा प्रयोगको साधन मात्र ठान्ने प्रवृत्तिलाई शशी विवाह भएर श्रीमान्को घरमा अनेक हन्डर खाँदै

दुःख पाएको प्रसङ्गमा कथाको तलको उद्धहरणको सन्दर्भ करुण रसका रुपमा यसरी प्रयोग भएको छ :

"त्यो महान त्याग र निःस्वार्थ सेवाका बदलामा हामीबाट तिनले एकान्त रोदन, कठोर लाल्छना, घृणित तिरस्कार, दारुण यातना र भोजनपछिको उच्छिष्ट अन्न सिवाय अरु केही भेट्टाएका छैनन् ।"

(चिताको ज्वाला, २०५०, पृ. १३)

माथिको साक्ष्यमा सानुदाइले नारीहरु निस्वार्थ भावनाका महान, त्यागी र दिनरात पुरुषको सेवामा खटने भनी परिचय दिएका छन् । त्यसैले नारी जातिको सबैले सेवा गर्नुपर्छ नारीलाई सकारात्मक तवरले हेर्नु पर्छ भन्ने विचार व्यक्त गरेकाले यस घटनाको अप्रिय साथै प्रिय मान्छेहरु आलम्बन विभाव हुन् । यिनीहरु विषय आलम्बन भएर व्यक्त भएका छन् । शशीको बिहे भए पश्चात् शशीलाई आफ्नो श्रीमान्ले नराम्रो वचन र अनौठा व्यवहारहरु देखाउँनु उद्दीपन विभाव हुन । पुरुषहरुले नारीलाई नराम्रोसँगले गाली गलौज गर्छन् भनेझैं शशीलाई आफ्नो श्रीमान्ले नराम्रो व्यबहार गर्दे कुट्नु, रातो पिरो बनाउँनु अनुभाव हो । पुरुषको यस्ता अनेकन क्रियाकलापले नारीहरुको मनमा त्रास उत्पन्न भए जस्तै शशीमा डर, भय उत्पन्न भएर करुणभाव सिर्जना हुनु सञ्चारी भाव हो । यी विविध घटनाबाट रोचक कथानकको विकास भई कथाको माथिका अंशमा करुण रसभाव व्यक्त भएको पाइन्छ ।

**चिताको ज्वाला कथामा अङ्ग रसका रुपमा श्रृङ्गार रस**

कामवासना स्थायी भावका रुपमा प्रयोग गरिने रस नायक र नायिकाबीचमा हुने एक आपसको आकर्षण र मिलनले मानव मनका ह्रदयमा प्रेम वा वियोगको भाव पैदा भएका हुन्छन् भने उक्त रसलाई नै श्रृङ्गार रस भनिन्छ । वासुदेव त्रिपाठी (२०३४) ले मानव मनका चित्तवृत्तिमा सुसुप्त अवस्थामा रहेका कामभावलाई जागृत गराउने वस्तुलाई श्रृङ्गार रस भनेका छन् । यस रस अन्तर्गत नायक र नायिका आलम्बन विभावका रुपमा र नायक नायिकालाई उद्दीप्त पार्ने वस्तुका रुपमा चन्द्रमा, फूल, बगैचा, एकान्त स्थल छन् भने लज्जा, उत्सुकता, पीडा आदि व्यभिचारी भावका रुपमा रहने र रति वा कामवासना उत्पन्न हुने स्थिति श्रृङ्गार रसबाट प्रकट हुने गर्दछ । एक अर्कासित अनुरुक्त भएका प्रेमि प्रेमिका जसमा दर्शन, स्पर्श आदि सुखानुभाव हुनु संयोग श्रृङ्गार हो भने मिलन सुख प्राप्त नहुने वस्तु वियोग श्रृङ्गार हुन ( उपाध्याय, २०५०,पृ. ९६) । रसका मान्यता अनुसार यस अन्तर्गत संयोग र विप्रलम्भ गरी दुईवटा रस रहेका छन् । *चिताको ज्वाला* कथा शशी र सानुदाइको बाल्यकालदेखिको प्रेमसँग सम्बन्धित कथा भएको हुँनाले यसमा प्रशस्त श्रृङ्गारिक भावनाहरु प्रस्तुत भएका छन् । यस कथामा अन्य विभिन्न रसहरु ठाँउठाँउमा प्रयोग गरे तापनि मुख्य गरी अङ्ग रसका रुपमा श्रृङ्गार रस प्रयोग गरिएको छ । कथामा प्रस्तुत भएका केही श्रृङ्गार रसका उद्धहरणहरु निम्नानुसार रहेका छन् :

वनारसमा अध्ययन समाप्त गरेर आएको सानुदाइ शशीसँग भेट हुँदा किशोरी अवस्थामा पुगेकी शशी हिजोको परिस्थितिमा देखिदैन स्वभावले नै सारा शारीरिक बनावटहरु पूरै परिवर्तन भएको देख्ने सानुदाइ चकित भएको सन्दर्भमा तलको विषय श्रृङ्गार रसले परिपाकमय भई प्रयोग भएको  प्रसङ्ग सानुदाईबाट भएको छ । प्रस्तुत चिताको ज्वाला कथामा श्रृङ्गार रसको संभोग भेदको अभिव्यञ्जना तलका सन्दर्भमा भएको छ :

"उनी अब किशोरी भैसकिछिन् । बालककालको त्यो थाम्मरथुम्मर परेको जीउ छाटिएर झन् हेरिरहूँ जस्तो भएछ । तरुणी युवतिका झैं गर्दन अलि मोटो भएर आएछ । शरीरको पुष्ट भाग स्थूल भएछ र छातीमाथिको सारीको सप्को अलि उठेजस्तो देखिन लागेछ ।"

(चिताको ज्वाला,२०५०, पृ. ६)

प्रस्तुत कथाको उद्धरणमा बालशखाको रुपमा शशी सानुबाबुको बीचमा भएको संवादात्मक अभिव्यक्ति सशक्त तुल्याउनका लागि युवक र युवतीको सम्बन्धलाई बिम्बको रुपमा प्रयोग गर्ने क्रममा श्रृगार रस प्रतिफलित भएको छ । उपयुक्त सन्दर्भमा शशी र सानोबाबु नायक नायिकाको रुपमा आलम्बन विभावका रुपमा प्रस्तुत भएको छ । बालबालिकाको रुपमा शशीको नितम्ब  पुष्ट भएका भावलाई उद्‌दीप्त पारेको छ । आकर्षक शरीर देखेर हेरिरहुँ लाग्नु अनुभाव हुन भने शशी एकोहारो हुनु, झस्किनु, यस अंशका व्यभिचारी भाव हुन । यी दुई पात्रकाबीचमा अनुपम रुपमा प्रकट भएको प्रेमभावले रति वा प्रेमलाई स्थायी भावका रुपमा प्रकट गर्दै संयोग श्रृङ्गार रस प्रयोग भएको छ ।

अध्ययनका लागि वनारस गएको सानुदाइले आफ्नी प्रेमिकालाई अध्ययनमै व्यस्त भएर चिठी पनि लेख्न समय नभएको वा माया मारेको भन्ने यी दुईको भेटको विषय प्रसङ्मा यसको उद्धरण निम्न विषयले पुष्टि गरेको छ :

"केही बेरपछि लाडे भएजस्तो गरेर भनिन् बनारसमा गएर एउटा पनि चिठी नलेख्ने, माया नभएको मान्छे । "

(चिताको ज्वाला,२०५०, पृ.७)

प्रस्तुत उद्धरणमा वनारसबाट स्नातक तह अध्ययन गरेर फर्किएको सानुदाइ र शशीसँग भेट भएपछि बनेको संवादबाट थालनी भएको छ । लामो समय भेटघाट विहीन भएर बस्नु शशी र सानुदाइका बीचमा विवाह नभई शशीको विवाह अरुनै व्यक्तिसँग हुनु  श्रृङ्गार रसको आलम्बन विभाव हो । शशीसँग आफ्नो प्रेम सम्बन्धमा दरार उत्पन्न भएपछि उक्त प्रसङ्गमा वियोग भाव व्यक्त भई विप्रलम्भ श्रृङ्गारको राम्रो नमूना बन्न पुगेको छ । चिठीपत्र केही पनि प्राप्त नहुनु, मनले झलक्क सम्झिनु उद्‌दीपन विभाव हुन । यी दुई बीचमा  एक आपसमा छटपटी हुनु अनुभाव हुन । शशी एकोहोरो हुनु, झस्कनु, टोलाउनु व्यभिचारी भाव प्रकट भएका हुन । यसरी वियोगमा परिणत हुने रति वा प्रेम चाहि यस प्रसङगको स्थायी भाव हो ।

समाजमा बिहे गर्ने सन्दर्भमा आफूले रोजेको व्यक्तिसँग विवाह गर्न नपाउँनु आफ्ना माता पिताले चुनेको व्यक्तिसँग नै विवाह गर्नुपर्ने नारीहरुको बाध्यात्मक अवस्था रहेको छ जसका कारणले परिवार बिग्रन गएका घटना थुप्रै रहेका छन् यस कथामा पनि शशीले नमान्दा नमान्दै माता पिताले विवाह गरिदिएकाले परिवारमा नराम्रो भएको प्रसङ्ग तलको उद्धरणमा व्यक्त भएको छ :

“तर तिमीलाई अप्रिय समाचार सुनाउँनु पर्दा खेद लागिरहेछ । अस्ती वसन्त पञ्चमीका दिन शशीको विवाह भो । दुलाह पुरानो भारदारको सन्तान अरे । दुलाह मेरा मित्र हरि जस्तै रहेनछ । फेरि बडो चरित्रहीन छ अरे ।”

(चिताको ज्वाला, २०५०, पृ. ८)

माथिको कथ्य प्रसङ्मा केही दिनपछि शशी र सानुदाइको बीचमा वनारसमा बी. ए. पढी प्रथम श्रेणीमा उत्तीर्ण भएको सानुदाइका बीचमा भेटघाटमा गहिरो संवाद भएबाट यस घटनाको विषय सुरुवात भएको छ । शशीको विहेको प्रसङ्गमा चरित्रहीन व्यक्तिसँग उनको विहे हुनु पस्तुत घटनामा शशी र सानुदाइ पात्र आलम्बन विभाव हुन । यी दुबै आश्रयका विषय भएका छन । शशीको विवाह नसोचेको व्यक्तिसँग हुनु उनको मन दुःखी बन्नु उद्दीपन विभाव हुन । खराब दुलाह पर्नु, चरित्रहीन व्यक्ति भएर दुःखी हुनु अनुभाव हो । यस घटनामा छटपटी, आराम नहुनु, अमन चयन नुहुनु, एकोहोरो हुनु सञ्चारी भाव प्रस्तत हुँदै यसको घटना विप्रलम्भ श्रृङ्गार रसको भावोदय भएको पाइन्छ ।

प्रस्तुत घटनाको प्रसङ्गमा विहे भएर गएकी शशीसँग लामो समयपछि भेटघाट नभएको सानुदाइको एकाग्र चित्तभाव अभिव्यक्त भएको छ । शशीसँग अगाध माय प्रेम भएको तर एक आपसमा विहे हुने विषयलाई  स्वीकार गर्न नसकेको घटनाशं यस कथाको प्रसंगमा तलका साक्ष्यमा निम्नानुसार प्रकट भएको छ :

“मेरोप्रति उनको अटल अनुराग थियो । जे होस् शशी अर्केकी भइन, उनमा मेरो तिलभर पनि अधिकार रहेन । मनमनै भने माया नभएकी पापिनी, बालककालदेखि हजारौँपटक गरेको प्रतिज्ञा बिर्सेर मेरो जीवनको अनन्त अभिलाषालाई कुल्चेर फालिदियौं ।”

(चिताको ज्वाला,२०५०, पृ. ९)

प्रस्तुत घटनाको पात्र शशी आश्रयआलम्बन हो भने शशी दुःखी बनी बाल्यकालदेखिको आफ्नो प्रेमीबाहेक अरुसँगै विवाह हुनु विप्रलम्भ श्रृङ्गार हो । शशीका एकान्त कोठा, घर, समय यसका उद्दीपन विभाव हुन । सानुदाइमा भएको निराशा, लज्जाबोध आदि अनुभाव हुन । शशी एकान्त स्थलमा रुनु, झस्किनु, टोलाउनु जस्ता गतिविधि गर्नु व्यभिचारी भाव हुन् । यस घटनामा शशी र सानुदाइको बीचमा वियोग प्रकट भएकाले विप्रलम्भ श्रृङ्गार भाव अभिव्यक्त भएको छ । त्यसैले यस कथाको उद्धहरणमा श्रृङ्गार रस अभिव्यञ्जित हुँदै कथामा अङ्ग रसका रुपमा श्रृङ्गार रसको उपस्थिति सशक्त रहेको छ ।

**निष्कर्ष**

नेपाली साहित्यको आख्यान विधा अन्तर्गतको आधुनिक कालको नेपाली कथाको पूवार्द्ध चरणको सशक्त कथाकार मध्ये एक हुन गुरुप्रसाद मैनाली । यिनी प्रथम आधुनिक कथाकार हुन । यिनीबाट नै कथाको आधुनिकता भित्रिएको पाइन्छ । मैनालीको आख्यान यात्रा अन्तर्गत देखा परेको *चिताको ज्वाला* कथामा रसको सर्बाधिक प्रयोग गर्दै कथालाई समेत रसमय तुल्याइएको छ । यस कथाको रसविधासँग सम्बन्धित भएर यस लेखमा कविता अन्तर्गतको श्रृङ्गार, शान्त, भयानक, अद्भूत, करुण रसको व्याख्या गरी कथालाई शोभाबर्द्धक वस्तुका रुपमा प्रयोग गरिएको छ । कथाकार मैनालीले समाजमा हुने गरेका घटनालाई यथार्थ रुपमा प्रस्तुत गर्दै शैली शिल्पगत तहमा कथा लेखनको कालिगढी उनमा निकै खारिएको पाइन्छ । यो कथा यथार्थ विषयवस्तुमा आधारित रही शशी र सानुदाइको बाल्यकालीन जीवनदेखि पौढ अवस्था सम्मको प्रगाढ प्रेमको प्रस्फुटित भाव स्पष्ट रुपमा मुखरित भएको छ । समाजमा आफूले चाहेजस्तो वर नपाउनु आफ्ना माता पिताले आँखा चिम्लेर गरी दिएको निर्णय नै नारीले मान्नु पर्ने समाजको बाध्यात्मक परिस्थिति अनि जसको कारणबाट घर व्यबहार ध्वस्त बन्न पुगेको घटनालाई कथाकारले यस कथामा व्यक्त गरेका छन । यस कथामा मानिस लाचार बनेकोप्रति कथाकार दुःखी बन्दै आफ्ना घमण्ड र स्वार्थलाई त्यागेर समाज सेवामा लाग्न समेत प्रेरित गरिएको छ । शशी र सानुदाइको संवादात्मक भावअभिव्यक्ति र डाक्टर अनि छरछिमेकसँग प्रयोग गरिएको संवादले रसलाई अझ रसिक र परिपाकमय बनाएको छ । यस कथामा प्रयोग भएका श्रृङ्गार, करुण, भयानक र शान्त रसहरु बनावटी नभएर स्वतस्फूर्त रुपमा देखा परेका काव्यात्मक कसीमा दाज्न मिल्ने रसका रुपमा प्रयोग भएका छन । जसको कारणले आख्यान विधामा पनि रसको प्रयोग कसरी गर्न सकिन्छ भन्ने मान्यता यस कथा मार्फ्त लेखले समेत प्रष्ट पारेको छ । यसरी भरतको नाट्यशास्त्र, भामह, मम्मट, विश्वनाथ, जगनाथ आदिले रस सम्बन्धि धेरै चर्चा गरेका छन भने पाश्चात्य साहित्यमा पनि रसको महत्त्व अत्याधिक रहेकोले यस कथामा पनि रसको अध्ययनको मूल सामग्री चिताको ज्वाला कथा बनेको छ ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, हेमाङ्गराज (२०३५), *पूर्वीय समालोचना सिद्धान्त,* दो.स. साभ्का प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०४९), *साहित्य प्रकाश,* अभिव्यक्ति छापाखाना ।

उपाध्याय, केशवप्रसाद (२०५०), *विचार व्याख्या,* दो.सं. इरो प्रिटिङ प्रेस ।

उपाध्याय, केशवप्रसाद (२०५५), *पूर्वीय साहित्य सिद्धान्त,* ते.सं. साभ्का प्रकाशन ।

गडतौला, नारायण (२०७०), *रस र ध्वनि सिद्धान्त,* प्रगति पुस्तक प्रकाशन ।

गौतम, कृष्ण (२०६७), *उत्तरआधुनिक संवाद,* भृकुटी एकाडेमी ।

त्रिपाठी, वासुदेव (२०३४), *लेखनाथ पौडयालको कवित्वको विश्लेषण र मूल्याङ्कन,* त्रि.वि. पाठ्यक्रम विकास केन्द्र ।

पोखरेल, केशवराज (२०७८), *पूर्वीय र पाश्चात्य समालोचना,* दो. सं. सनलाइट पब्लिकेशन ।

मैनाली, गुरुप्रसाद (२०५०), *नेपाली कथा भाग १,* दो. स. साभ्का प्रकाशन ।

रेग्मी, रेखा (२०७९), पागल कवितामा रस, *सहयात्रा,* सातौँ अङ्क ।